त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

मिति: २०७९।१०।०९

# बि.ई./बि.आर्क. तहमा भर्नाका लागि पाँचौं सूची प्रकाशन सम्बन्धमा ।

यस क्याम्पसमा स्नातक (बी.ई./बी.आर्क.) तहमा भर्ना नभइ तथा भर्ना रद्द गरि भएका हालसम्मका रिक्त स्थानहरुका लागि मिति २०७९।१०।०१ गतेको सूचना अनुसार आवेदन दिने आवेदकहरु मध्येबाट प्रवेश परीक्षाको प्राप्ताङ्कको योग्यताक्रम तथा आवेदकहरुको प्राथमिकताक्रमानुसार **पाँचौं सूचि** प्रकाशित गरिएको छ ।

भर्ना सूची प्रकाशन गर्दा सकेसम्म कुनै त्रुटी नहोस् भनी हरसम्भव प्रयास गरिएको छ । कारणवस त्रुटी हुन गएको पाइएमा दावी विरोध गर्न सकिनेछ । पूर्व प्रकाशित भर्ना कार्यक्रम अनुसार दावी विरोधका लागि मिति २०७९ माघ १० गते विहान ११:०० बजे देखि अपरान्ह २:०० बजेसम्म लिखित रुपमा सूचना प्रविधि केन्द्रमा निवेदन दिनुपर्नेछ तथा सूची प्रकाशनमा कुनै त्रुटी भएको पाइएमा सोही दिन साँझ ५:०० बजे संशोधित सूची प्रकाशन गरिनेछ ।

यस क्याम्पसको पाँचौं भर्ना सूचिमा नाम प्रकाशित भएका **आवेदकहरु २०७९ माघ ११ गते विहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजे भित्र भर्ना भइसक्नु पर्नेछ ।**

**द्रष्ट्रब्य:**

- पाँचौं भर्ना सूचीमा नाम प्रकाशन भएका आवेदकहरुले भर्ना नगरी स्थान रिक्त रहन गएमा मात्र छैठौं सूचि मिति २०७९।१०।१३ गते प्रकाशित गरिनेछ ।
- भर्ना सूचीमा नाम प्रकाशन भई तोकिएको समयमा भर्ना नहुने आवेदकहरुको नाम आवेदकको सूचिबाट हटाइनेछ र पछि प्रकाशन हुने सूचिमा समावेश गरिने छैन् ।
- तल्लो प्राथमिकताको कार्यक्रममा नाम प्रकाशित भई भर्ना भइसकेका आवेदकहरुको योग्यताक्रमले भ्याएमा पछिल्लो सूचिहरुमा माथिल्लो प्राथमिकता तोकिएको कार्यक्रमहरुमा नाम प्रकाशित गरिने छ । पूर्णशुल्किय कार्यक्रम अर्न्तगतको भर्नाको लागि पनि यहि नियम लागू हुनेछ अर्थात कुनै नियमित कार्यक्रममा भर्ना भएका आवेदकहरुको नाम माथिल्लो प्राथमिकता दिएको कारण पछि पूर्णशुल्किय कार्यक्रममा निस्किएमा निज पूर्णशुल्किय कार्यक्रममा अनिवार्य भर्ना हुनुपर्नेछ र नभएमा निजको भर्ना खारेज गरिनेछ तर भर्ना सूचिमा नाम प्रकाशित भई भर्ना भईसकेका कुनै विद्यार्थीले अव उप्रान्त माथिल्लो प्राथमिकतामा नसर्ने भनि लिखित निवेदन दिएमा मात्र त्यस्ता आवेदक भर्ना भएकै कार्यक्रममा रहन सक्नेछन् ।

## भर्ना हुन आउँदा लिई आउनुपर्ने रकम र कागजातहरु:

भर्ना हुन आउँदा अनिवार्य रुपमा निम्नानुसारका आवश्यक कागजातहरु तथा भर्ना शुल्क लिई आउनुपर्ने छ ।

- क्याम्पसमा भर्नाका लागि २०७९।०८।२८ गते प्रकाशित भर्ना सम्बन्धी सूचनाको बूँदा नं ७ मा उल्लेख भएको निम्नानुसारको रकम ।
  - नियमित: १०,६७४।- (त्रि.वि. दर्ता शुल्क रु ५००।- र ई. काउन्सिल शुल्क रु ५००।- सहित)
  - पुर्णशुल्किय: ७७,९४८।- (त्रि.वि. दर्ता शुल्क रु ५००।- र ई. काउन्सिल शुल्क रु ५००।- सहित)
  - एरोस्पेस र केमिकल नियमित: १९,६७४।- (त्रि.वि. दर्ता शुल्क रु ५००।- र ई. काउन्सिल शुल्क रु ५००।- सहित)
  - एरोस्पेस र केमिकल पुर्णशुल्किय: १,६३,९६४। - (त्रि.वि. दर्ता शुल्क रु ५००।- र ई. काउन्सिल शुल्क रु ५००।- सहित)

5-521260
5-521611
5-522104
5-522809
पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

- हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति ।
- नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १ प्रति ।
- इन्जिनियरिङ्ग अध्ययन संस्थान प्रवेश परीक्षामा बोर्डद्वारा संचालित वि.ई. ⁄ वि.आर्क. तहको प्रवेश परीक्षामा उत्तिर्ण गरेको Score Card १ प्रति ।
- एस.ई.ई. (SEE) वा सो सरहको परीक्षाको लब्धांक पत्र, शैक्षिक प्रमाण पत्र र चारित्रिक प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १/१ प्रति ।
- उच्च माध्यमिक तह (+२)/ए लेभलमा भौतिक शास्त्र, रसायन शास्त्र तथा गणित विषय लिई भौतिक विज्ञान समूह वा दुवै पत्र गणित लिई जीव विज्ञान समूह वा इन्जिनियरिङ्ग डिप्लोमा तह वा सो सरहको परीक्षामा कूल पूर्णाङ्कको कम्तिमा ४५ प्रतिशत, Letter Grading भएमा सवै विषयको Final Grade मा C Grade (वा ४५ प्रतिशत) प्राप्त गरी उत्तीर्ण गरेको लब्धाङ्कपत्र, शैक्षिक प्रमाणपत्र, चारित्रिक प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १/१ प्रति ।
- त्रि. वि. वाहेक अन्य परीक्षा बोर्ड बाट १०+२ तह वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेहरुले सम्वन्धित बोर्डको माइग्रेसन सर्टिफिकेटको सक्कल र प्रमाणित प्रतिलिपि १ प्रति ।

भर्ना सम्बन्धी सूचना तथा यस भर्ना सूची पुल्चोक क्याम्पसको Web Site: www.pcampus.edu.np मा पनि हेर्न सकिनेछ ।

अध्यक्ष
भर्ना समिति २०७९

# TRIBHUVAN UNIVERSITY
# INSTITUTE OF ENGINEERING
## Pulchowk Campus
## BE/BArch Fifth Admission List 2079

### Electrical Engineering Full Fee (6)

| SN | Applicant Detail | | | | | Priority Detail | | | | | | | | | | | | Remark |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Roll No | Applicant Name | Gender | District | Rank | 1st | 2nd | 3rd | 4th | 5th | 6th | 7th | 8th | 9th | 10th | 11th | 12th | |
| 1. | 5201 | SANJANA KUMARI | Female | Mahottari | 1478 | 6 | 4 | | | | | | | | | | | New |
| 2. | 8984 | LALIT KUMAR BOHARA | Male | Doti | 1480 | 6 | | | | | | | | | | | | New |

### Aerospace Engineering Full Fee (28)

| SN | Applicant Detail | | | | | Priority Detail | | | | | | | | | | | | Remark |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Roll No | Applicant Name | Gender | District | Rank | 1st | 2nd | 3rd | 4th | 5th | 6th | 7th | 8th | 9th | 10th | 11th | 12th | |
| 1. | 5730 | BISESH BANIYA | Male | Jhapa | 2169 | 6 | 28 | | | | | | | | | | | New |
| 2. | 953 | NISCHAL POKHREL | Male | Arghakhanchi | 2171 | 27 | 29 | 28 | 10 | 6 | | | | | | | | New |

### Chemical Engineering Full Fee (30)

| SN | Applicant Detail | | | | | Priority Detail | | | | | | | | | | | | Remark |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Roll No | Applicant Name | Gender | District | Rank | 1st | 2nd | 3rd | 4th | 5th | 6th | 7th | 8th | 9th | 10th | 11th | 12th | |
| 1. | 7269 | SONU PRASAD SHAH | Male | Parsa | 4899 | 30 | | | | | | | | | | | | New |
| 2. | 3755 | ANISHA CHAUDHARY | Female | Chitawan | 5558 | 30 | 6 | | | | | | | | | | | New |